मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :-
चलानी नं. :-

## सेवा करारमा रेडियोग्राफर आवश्यकता सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशन मिति: २०८१।१२।१३

मन्थली नगरपालिकाको **करारमा जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६** बमोजिम **मन्थली अस्पतालका** लागि खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा देहायको तह र पदमा एक जना कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले तोकिएका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन (दरखास्त दिने अन्तिम दिन २०८१/१२/२७ गते सार्वजनिक बिदा परेमा बिदा पश्चात कार्यालय खुलेको पहिलो दिन) भित्र कार्यालय समयमा लोक सेवा आयोगबाट निर्धारित दरखास्त फारम भरी यस नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**१. विज्ञापन नं, पद तथा आवश्यक न्यूनतम योग्यता:**

| सि. नं. | विज्ञापन नं. | पद | सेवा | तह | संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | काम गर्नु पर्ने स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | ११-०८१/८२ | रेडियोग्राफर | सेवा करार | सहायक स्तर पाँचौ | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सेवासँग सम्वन्धित विषयमा प्रमाणपत्र वा डिप्लोमा वा सो सरह तह उतिर्ण गरेको । | मन्थली अस्पताल |

**२. संलग्न गर्नु पर्ने कागजातहरु :**

क) दरखास्त फारम (ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (ग) सम्वन्धित काउन्सिल दर्ताको प्रमाणपत्रको प्रतिलिपिको साथै शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु (घ) तालिम तथा कार्यानुभवको कागजातको प्रतिलिपि (ङ) प्रचलित कानुनले अयोग्य नठहरिएको स्वघोषणाको निवेदन। (च) राजश्व वुझाएको रसिद । (पेश भएका सवै कागजात स्वयंमले प्रमाणित गरेको हुनु पर्नेछ)

**३. उमेर हद:** १८ वर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष ननाघेको)।

**४. दरखास्त फारम :** यस नगरपालिकाको वेभसाईट www.manthalimun.gov.np वाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ।

**५. दरखास्त दस्तुर :** रु ७००/ (सात सय मात्र) यस कार्यालयको राजश्व उपशाखामा नगदै वुझाई वा यस कार्यालयको नाममा रा.बा.बैक मन्थली शाखाको आन्तरिक राजश्व खाता नं १६८०१००३०१०१०००२ मा रकम जम्मा गरी सक्कलै रसिद पेश गर्नु पर्ने ।

**६. छनौटको किसिम :** छोटो सूची प्रकाशन गरी लेखनशैली सीप परीक्षण वा प्रयोगात्मक र अन्तर्वार्ता परीक्षा।

**७. परीक्षा मिति :** नगरपालिकाबाट पछि तय गरि नगरपालिकाको website र facebook page मा प्रकाशित गरिने छ।

**८. सेवा तथा सुविधा :** सम्वन्धित पदका लागि चालु आ.ब.मा नेपाल सरकारले निर्धारण गरेको आधारभूत तलबमान।

**९. करार अवधि :** २०८२ असार मसान्त सम्म । (सेवाको आवश्यकताका आधारमा करार नियमानुसार समयावधि थप हुने।)

नोट: थप जानकारीका लागि मन्थली नगरपालिकाको कार्यालयको website/ Facebook page वा कार्यालयको सोधपुछ कक्ष/फोन नं ०४८-५४०५३२ मा हेर्न/सम्पर्क गर्न सकिने छ।

**छनौट तथा सूचीकरण समिति**